# त्रिभुवन विश्वविद्यालय

# सहायक क्याम्पस प्रमुख सम्बन्धी विनियम, २०७९

**पारित मिति** : २०७९/२/६

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. १४१४)

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय

# सहायक क्याम्पस प्रमुख सम्बन्धी विनियम, २०७९

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १८७क, १३३ को उपनियम (२) र नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायको विनियम बनाएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यी विनियमहरूको नाम "**सहायक क्याम्पस प्रमुख सम्बन्धी विनियम, २०७९**" रहेको छ ।

(ख) यो विनियम तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा:

(क) "क्याम्पस" भन्नाले विश्वविद्यालयका आङ्गिक क्याम्पस सम्झनु पर्छ ।

(ख) "क्याम्पस प्रमुख" भन्नाले विश्वविद्यालयका आङ्गिक क्याम्पसका प्रमुख सम्झनु पर्छ ।

(ग) "सहायक क्याम्पस प्रमुख" भन्नाले विश्वविद्यालयका आङ्गिक क्याम्पसका सहायक क्याम्पस प्रमुख सम्झनु पर्छ ।

(घ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्दछ ।

(ङ) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालय सभाबाट पारित नियमहरू सम्झानु पर्दछ ।

(च) "विनियम" भन्नाले सहायक क्याम्पस प्रमुख सम्बन्धी विनियम, २०७८ सम्झनु पर्दछ ।

(छ) "जेष्ठतम" भन्नाले समान तहमा कार्यरत मध्ये सो पदमा सबभन्दा अगाडि स्थायी नियुक्ति पाएको शिक्षक सम्झनु पर्छ । कार्यरत पदमा समान मितिमा नियुक्ति पाएको अवस्थामा बहालवाला पदभन्दा तल्लो पदमा भएको स्थायी नियुक्ति मितिको जेष्ठताको आधार लिनु पर्ने छ । सोबाट पनि जेष्ठता छुट्टिन नसकेको अवस्थामा विश्वविद्यालयमा स्थायी भएको मितिको जेष्ठताको आधार लिनुपर्नेछ । त्यसरी पनि नछुट्टिएमा उमेरको आधारलाई लिइनेछ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "कार्यक्रम संयोजक " भन्नाले एउटै सङ्काय / अध्ययन संस्थान अन्तर्गतका स्नातक तह र स्नातकोत्तरका नियमित कार्यक्रमहरू अलग  अलग समय (सिफ्ट) मा चलेको अवस्थामा नियुक्ति हुने कार्यक्रम संयोजक सम्झनु पर्दछ ।

## परिच्छेद २

## सहायक क्याम्पस प्रमुखको नियुक्ति, सेवा र सुविधा

**३. सहायक क्याम्पस प्रमुखको व्यवस्था :** (१) आंगिक क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनमा क्याम्पस प्रमुखलाई सहयोग पुऱ्याउन प्रत्येक क्याम्पसमा कार्यकारी परिषदले तोकेको संख्यामा सहायक क्याम्पस प्रमुखहरू रहनेछन् ।

(२) सहायक क्याम्पस प्रमुखको नियुक्ति देहाय बमोजिम हुनेछ :

(अ) त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान, बन विज्ञान अध्ययन संस्थान र कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको हकमा सम्बन्धित क्याम्पस प्रमुखको सिफारिसमा कार्यान्वयन समितिबाट

(आ) स्वायत्तता प्राप्त क्याम्पसहरूको हकमा सम्बन्धित क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस कार्यकारी समितिबाट

(इ) उपरोक्त उपदफा (अ) र (आ) मा उल्लेख भएको व्यवस्था बाहेकका अध्ययन संस्थान एवं सङ्काय अन्तर्गतका क्याम्पसहरूमा सम्बन्धित क्याम्पसका क्याम्पस प्रमुखको सिफारिसमा शिक्षाध्यक्षबाट सहायक क्याम्पस प्रमुखको नियुक्ति हुनेछ ।

**४. सहायक क्याम्पस प्रमुख पदमा नियुक्तिको लागि सिफारिस गर्ने आधारः** सहायक क्याम्पस प्रमुख पदमा नियुक्तिको लागि सिफारिस गर्ने आधार देहाय बमोजिम हुनेछ ।

(क) क्याम्पसमा कार्यरत स्थायी बरिष्टतम् शिक्षक भएको र कार्यकाल पुरा गर्ने उमेर अवधि भएको हुनु पर्नेछ ।

(ख) एउटा क्याम्पसमा विभिन्न सङ्काय वा अध्ययन संस्थानका कार्यक्रम भएको अवस्थामा एक सङ्काय / अध्ययन संस्थान अन्तर्गतका कार्यक्रम हेर्ने गरी एक एक जना सहायक क्याम्पस प्रमुख नियुक्त गर्न सकिने छ । एउटै मात्र कार्यक्रम चलेका क्याम्पस (Unitary Campus) भएमा विद्यार्थी संख्याको आधारमा बढीमा दुई जनासम्म सहायक क्याम्पस प्रमुख नियुक्त गर्न सकिने छ ।

(ग) क्याम्पसमा चलेका कार्यक्रम र विद्यार्थी भर्नाको स्थितिको आधारमा एउटा क्याम्पसमा एक जनादेखि बढीमा चारजनासम्म मात्र सहायक क्याम्पस प्रमुख नियुक्त गर्न सकिने छ ।

**५ सहायक क्याम्पस प्रमुखको पदावधिः** सहायक क्याम्पस प्रमुखको पदावधि दुई वर्षको हुनेछ । सहायक क्याम्पस प्रमुखले आफ्नो कर्तव्यको पालना नगरेको पाइएमा क्याम्पस प्रमुखको सिफारिसमा नियुक्तिगर्ने पदाधिकारी/निकायले जुनसुकै वखत निजलाई हटाउन सक्नेछ ।

**६ पद रिक्त भएको मानिने अवस्थाः** देहायको कुनै अवस्थामा सहायक क्याम्पस प्रमुखको पद रिक्त भएको भएको मानिनेछः

(क) विनियम ५ मा भएको व्यवस्था वमोजिम निजलाई पदमुक्त गरेमा,

(ख) निजको मृत्यु भएमा,

(ग) क्याम्पस प्रमुखमार्फत् निजले पेश गरेको राजिनामा स्वीकृत भएमा,

(घ) निजको पदावधि पुरा भएमा,

(ङ) निज त्रि.वि. सेवामा नरहेमा,

(च) बहुलाएको वा मानसिक असन्तुलन भएको भनी आधिकारिक रुपमा प्रमाणित भएमा,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसुरदार ठहराएमा

७. **भत्ता र अन्य सुविधाः** सहायक क्याम्पस प्रमुख पदमा नियुक्त भई काम गर्ने शिक्षकले कार्यरत पदको खाइपाइ आएको तलब भत्ताका अतिरिक्त मासिक रु. २०००/- भत्ता, संचार सुविधा वापत रु.५००/- र इन्धन खर्च १५ लिटर पेट्रोल वा सो बराबरको रकम पाउने छ।

८. **विदाः** सहायक क्याम्पस प्रमुखले वर्षे वा हिउँदे विदा नपाउने हुँदा त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम २४ ले व्यवस्था गरे बमोजिमको घर विदा पाउने छ। घर विदा सम्बन्धी व्यवस्था यो विनियम जारी भएको मिति पश्चात नियुक्त हुने सहायक क्याम्पस प्रमुखले नियुक्ति भएको मितिदेखि नै उपभोग गर्न पाउने छन्। उपभोग गरी सञ्चित रहेको घर विदाको रकम पदावधि समाप्त भएपछि खाइपाई आएको तलबका दरले भुक्तानी गरिने छ।

९. **उत्तरदायी हुने :** सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रमुखप्रति उत्तरदायी हुनेछ।

## परिच्छेद ३

## सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार

१० **सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :** (१) सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) क्याम्पसको शैक्षिक, आर्थिक, सामान्य प्रशासन, परीक्षा र विद्यार्थी मामिलाको काममा क्याम्पस प्रमुखलाई सहयोग र सघाउ पुऱ्याउनु।

(ख) क्याम्पसअन्तर्गतका विभाग र शिक्षकहरूबाट सुझाव लिई पठनपाठनमा सुधारका लागि प्रयतनशील रहनु र क्याम्पस प्रमुखलाई आवश्यक परामर्श दिनु।

(ग) सङ्काय / अध्ययन संस्थान अन्तर्गतका शैक्षिक कार्यक्रम वा प्रशासनिक कार्य वा लेखा वा परीक्षाको जिम्मेवारी लिई कार्य गर्न क्याम्पस प्रमुखले तोकेकोमा सोही बमोजिम कार्य गर्नु।

(घ) क्याम्पसअन्तर्गतका विभागहरूको शैक्षिक कार्यक्रमको रेखदेख र समन्वय गर्नु।

(ङ) क्याम्पस प्रमुखबाट प्रत्यायोजित भए बमोजिम अन्य कार्यहरू गर्नु।

(२) सहायक क्याम्पस प्रमुखले नियमित लिनु पर्ने कक्षा समेत लिई प्राध्यापन कार्यमा संलग्न भएर नै सहायक क्याम्पस प्रमुखको जिम्मेवारी वहन गर्नु पर्नेछ।

(३) सहायक क्याम्पस प्रमुखलाई आफुलाई तोकिएको सिफ्ट बाहेक अर्को सिफ्टमा आफु कार्यरत क्याम्पसमा अतिरिक्त कक्षा लिन र त्यसको पारिश्रमिक बुझ्न रोक लाग्ने छैन। आफुलाई तोकिएको सिफ्टमा नै कक्षा लिएको अवस्थामा भने शिक्षकले नियमित लिनु पर्ने कक्षाभार भन्दा बढी कक्षा लिएको अवस्थामा त्यसको पारिश्रमिक बुझ्न रोक लाग्ने छैन।

**११. अधिकार प्रत्यायोजन वा निमित्त सम्बन्धी व्यवस्था :** (१) क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्य सञ्चालनका लागि क्याम्पस प्रमुखले आफ्नो अधिकार सहायक क्याम्पस प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) क्याम्पस प्रमुख बिरामी भई वा अन्य कुनै कारणले छोटो अवधिका लागि अनुपस्थित भएमा सहायक क्याम्पस प्रमुखमध्ये बरिष्ठ सहायक क्याम्पस प्रमुखले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

(३) रिक्त रहेको क्याम्पस प्रमुखको पदमा हालवाला नियुक्त नभएसम्मको अवधिका लागि उपनियम (२) बमोजिमको बरिष्ठ सहायक क्याम्पस प्रमुखले सो कार्यालयको जिम्मा लिई क्याम्पस प्रमुखको काम अर्को व्यवस्था नभएसम्म निमित्त भई गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवस्था परी काम गरेको व्यहोरा त्यस्तो निमित्त भई काम गर्ने सहायक क्याम्पस प्रमुखले उपकुलपतिलाई अबिलम्ब सूचना गर्नु पर्नेछ ।

**१२. सहायक क्याम्पस प्रमुखसँग परामर्श गर्न सक्ने :** नियममा अन्यथा व्यवस्था भएकोमा वाहेक क्याम्पस प्रमुखले कर्मचारी प्रशासनसम्बन्धि देहायका काम कार्यवाही गर्दा सम्बन्धित सहायक क्याम्पस प्रमुखसँग परामर्श गर्न सक्ने छ :

(क) शिक्षक कर्मचारीलाई पुरस्कार र दण्डको लागि कार्यवाही चलाउँदा वा सिफरिस गर्दा

(ख) शिक्षक कर्मचारीहरूको सरुवाको लागि सिफारिस गर्दा वा सरुवा सहमति प्रदान गर्दा

(ग) अध्ययन विदा, असाधारण विदा (वेतलवी विदा), स्वाध्यायन विदा, वा वेतलवी काजको सिफारिस गर्दा

**१३. कार्य सम्पादन मूल्यांकन :** सहायक क्याम्पस प्रमुखको कार्य सम्पादनको मूल्यांकन सम्बन्धित क्याम्पस प्रमुखबाट हुनेछ ।

## परिच्छेद ४

## कार्यक्रम संयोजकको व्यवस्था

**१४ कार्यक्रम संयोजकको व्यवस्था :** एउटै सङ्काय / अध्ययन संस्थान अन्तर्गतका स्नातक तह र स्नातकोत्तरका नियमित कार्यक्रमहरू अलग अलग समय (सिफ्ट) मा चलेका भए छुट्टै सहायक क्याम्पस प्रमुख नियुक्त नगरी कार्यक्रम संयोजक नियुक्त गर्नु पर्नेछ। कार्यक्रम संयोजकले आफुले नियमित लिनु पर्ने कक्षा लिएर नै कार्यक्रम संयोजकको कार्य गर्नु पर्ने छ। कार्यक्रम संयोजक पदमा नियुक्त भई काम गर्ने शिक्षकले कार्यरत पदको खाइपाइ आएको तलब भत्ताका अतिरिक्त मासिक रु. २००० भत्ता पाउने छ। कार्यक्रम संयोजकले अन्य शिक्षकसरह नै वर्षे र हिउँदे विदा उपभोग गर्न पाउने छ । कार्यक्रम संयोजकलाई आफुलाई तोकिएको सिफ्ट बाहेक अर्को सिफ्टमा आफु कार्यरत क्याम्पसमा अतिरिक्त कक्षा लिन र त्यसको पारिश्रमिक बुझ्न रोक लाग्ने छैन । कार्यक्रम संयोजकको नियुक्ति आवश्यकता र औचित्यको आधारमा क्याम्पसका स्थायी शिक्षकहरू मध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा क्याम्पस कार्य समितिले दुई वर्षका लागि गर्नेछ ।

# परिच्छेद ५

# विविध

**१५. खारेजी र बचाउः** त्रि वि कार्यकारी परिषदबाट पारित भई लागू भएको "त्रिभुवन विश्वविद्यालय सहायक क्याम्पस प्रमुख सम्बन्धी व्यवस्थापन प्रणाली २०५१" र "त्रिभुवन विश्वविद्यालय क्याम्पस सञ्चालन सम्बन्धी कार्यविधि, २०७१" को सहायक क्याम्पस प्रमुख सम्बन्धी प्रावधानहरू खारेज गरिएको छ। तर पूर्व व्यवस्था बमोजिम नियुक्त भइ कार्यरत रहेकाहरूको हकमा पदावधि बाँकी रहेसम्म यथावत काम गर्न र पूर्व व्यवस्था अनुसार तोकिएको सुविधा लिन रोक लाग्ने छैन।

**१६. व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था :** यस विनियमको व्याख्या गर्ने, संशोधन गर्ने र बाधा अडकाउ फुकाउने अधिकार कार्यकारी परिषदमा रहनेछ।

***

त्रिभुवन विश्वविद्यालय